नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं.
च.नं.

# मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक तथा वार्षिक प्रगति समीक्षा बैठक सम्बन्धी प्रेस विज्ञप्ती

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र मन्त्रालय सम्वद्ध निकायहरुको आर्थिक वर्ष २०७४/७५ को वार्षिक समीक्षा, मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठक माननीय मन्त्री गोकुल प्रसाद बाँस्कोटाज्यूको अध्यक्षतामा आज मिति २०७५ साल साउन २९ गते बस्यो ।

मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिका अध्यक्ष माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूले समीक्षालाई विगतका त्रुटी सच्याई भविष्यका लागि काम गर्नु पर्ने, कार्यक्रम कार्यन्वयनको जिम्मेवारी र उत्तरदायित्व स्वयं निकाय र पदाधिकारीको हुने हुँदा जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्ने, पुँजिगत खर्च वढाउन समयमै खरिद प्रक्रिया शुरु गर्नु पर्ने र पुँजीगत खर्च असार मसान्तमा गर्ने प्रवृत्तिलाई अन्त्य गरी चालु कार्यक्रमहरूको प्रभावकारी उपलब्धी देखिने गरी चालु आ.व. मा पुँजीगत खर्च सत प्रतिशत हुने गरी कार्यसम्पादन गर्न समेत निर्देशन दिनुभयो । साथै सुरक्षण मुद्रण राष्ट्रिय आवश्यक्ता, गौरव र पहिचान भएकोले यस सम्बन्धी कार्यमा जिम्मेवार तथा प्रतिवद्ध भई लाग्न समेत जोड दिनु भयो । पत्रपत्रिका वर्गीकरण गर्दा निश्पक्ष, पारदर्शि तथा औचित्यपूर्ण रहनु पर्ने वताउनु भयो । खरिद प्रक्रियालाई सहज तथा व्यवहारिक बनाउन विद्यमान खरिद कानुन संशोधन गर्न आवश्यक रहेको औंल्याउनु भयो । सुशासन समृद्धि हासिल गर्ने माध्ययम भएकोले बजेट तथा कार्यक्रम सञ्चालन गर्दा आर्थिक अनुशासनको पालना तथा सुशासनका मान्यता अनुरुप गर्न निर्देशन दिनु भयो ।आयआर्जन गर्ने र व्यवसायिक निकायहरुले व्यवसायिक योजना ( Business Plan) तयार गरी कार्यसम्पादन गर्न निर्देशन दिनु भयो । आर्थिक वर्ष २०७५/०७६ लाई बेरुजुरहित बनाउने गरी कार्यसम्पादन गर्न जोड दिनु भयो ।

राष्ट्रिय योजना आयोगका माननीय सदस्य मीनबहादुर शाहीले संघिय संरचना अनुकुल हुने गरी National Frequency Allocation Plan बनाउनु पर्ने, १५ औं योजनालाई Major Policy Departure को रुपमा तयार गर्ने योजना रहेकोले सोहीअनुसार मन्त्रालय तयार हुन सुझाव दिनु भयो । लक्षित कार्यक्रम सञ्चालन गर्दा अन्तर निकायगत समन्वय महत्वपूर्ण रहेको र सोही अनुसार कार्य गर्न समेत सुझाव दिनुभयो ।

सञ्चार तथा सूचना प्रविधि सचिव महेन्द्रमान गुरुङ्गले बजेट र खर्च विच तालमेल मिलाई स्वीकृत कार्ययोजनाको अक्षरशः पालना गर्नु पर्ने कुरामा जोड दिनुभयो ।बजेट तथा कार्यक्रम सञ्चालन गर्दा सदाचार र सुशासान कायम गर्नुपर्ने तर्फ सतर्कता अपनाउनु पर्ने कुरामा जोड दिनु भयो । ठेक्का प्रक्रियालाई प्रभावकारी बनाउन प्रि- विडिङ्गलाई बढी महत्व दिनु भयो । कम प्रगति गर्ने निकाय र पदाधिकारीसंग स्पष्टीकरण माग गर्ने र आगामी दिनहरुमा कार्यक्रम सञ्चालन गर्दा नवप्रर्वतनात्मक शैलीमा अघि वढ्न निर्देशन दिनुभयो ।

फोन नं. : ४२११५५६, ४२११६५०, ४२११६१५, फ्याक्स नं.: ४२११७२९, ४२११६१०
Email : info@moic.gov.np, Website : www.moic.gov.np

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

प.सं.

च.नं.

वैठकमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आ.व. ०७४/७५ को अवधिमा मन्त्रालय, सम्वद्ध निकाय र अन्तर्गत निकायहरुवाट सम्पादित प्रमुख कार्य, कार्य प्रगति र समग्र समस्याको विषयमा प्रस्तुतिकरण भएको थियो । यसैगरी राष्ट्रिय सुचना आयोग, प्रेस काउन्सिल नेपाल, हुलाक सेवा विभाग, सूचना विभाग, मुद्रण विभाग, सूचना प्रविधि विभाग, राष्ट्रिय सूचना प्रविधि केन्द्र , सुरक्षण मुद्रण विकास समिति, नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र संस्थान, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, चलचित्र विकास वोर्ड, रा.स.स. र न्यूनतम पारिश्रमिक निर्धारण समिति प्रमाणीकरण नियन्त्रकको कार्यालय तर्फवाट विषयगत प्रस्तुतिकरण गरिएको थियो ।

आ.व. २०७४/७५ का लागि मन्त्रालय र मन्त्रालय सम्वद्ध निकायका लागि चालुतर्फ रु. ४ अर्व ५९ करोड ८० लाख र पुँजीगततर्फ रु. १ अर्व ४९ करोड ९२ लाख ५५ हजार गरी जम्मा ६ अर्व ९ करोड ७२ लाख ५५ हजार विनियोजन भएकोमा चालुतर्फ रु. ४ अर्व ३३ करोड ५७ लाख ९४ हजार र पुँजीगततर्फ १ अर्व १ करोड ९५ लाख २१ हजार गरी जम्मा रु. ५ अर्व ३५ करोड ५३ लाख १५ हजार खर्च हुन गएको छ। मन्त्रालयको प्रगति वित्तीयतर्फ ९१.९७% र भौतिकतर्फ ८५% रहन गएको छ। मन्त्रालय सम्वद्ध अधिकांश निकायको प्रगति समेत ८०% भन्दा माथि रहेको छ।

२०७५ साल साउन २९ गते

(रामचन्द्र ढकाल)

सहसचिव/प्रवक्ता

फोन नं. : ४२११५५६, ४२११६५०, ४२११६१५, फ्याक्स नं.: ४२११७२९, ४२११६१०

Email : info@moic.gov.np, Website : www.moic.gov.np